# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, चैत्र ०९ गते, २०८० साल (अतिरिक्ताङ्क ३४

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

# प्रदेश उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८०

प्रस्तावनाः प्रदेश भित्रका उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमीलाई सम्मान र कदर गरी उद्यम पेशालाई प्रोत्साहन गर्दै सम्मानित र मर्यादित बनाउन वान्छनीय भएकोले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "प्रदेश उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कार वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "पुरस्कार" भन्नाले मन्त्रालयले उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमीलाई प्रदान गर्ने सम्मान, प्रोत्साहन वा नगद पुरस्कारलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(घ) "महिला उद्यमी/महिला लघु उद्यमी" भन्नाले उपलब्ध स्रोत साधन, सीप र सृजनाको प्रयोग गरी घरेलु तथा साना उद्योग/लघु उद्यम सञ्चालन गरी स्वयं स्वरोजगार तथा अन्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

व्यक्तिलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिरहेका महिला उद्यमी/महिला लघु उद्यमी सम्झनुपर्छ।

(ङ) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ।

३. <u>निवेदन दिनु पर्ने:</u> महिला उद्यमी/महिला लघु उद्यमीले पुरस्कारका लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदनसाथ देहाय बमोजिमका कागजात सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) PAN / VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नियमानुसार लेखापरीक्षण गर्नु पर्ने उद्योगको हकमा मात्र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

४. <u>मूल्याङ्कनका आधार तथा मापदण्ड:</u> उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कार छनौटका लागि मूल्याङ्कनका आधार तथा मापदण्ड अनुसूची-२ र अनुसूची-३ बमोजिम हुनेछ।

५. <u>योग्यता:</u> उद्यमीले पुरस्कार पाउन देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) प्रदेश भित्र स्थायी बसोबास गरी प्रदेश भित्रै उद्यम गरी रहेका नेपाली नागरिक,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) उद्यमीले आफ्नै नामबाट घरेलु तथा साना उद्योग/लघु उद्योग दर्ता गरी सञ्चालन गरेको,

(ग) विगत तीन वर्ष देखि निरन्तर रूपमा उद्योग सञ्चालन गरी रहेको,

(घ) नियमित रूपमा सरकारलाई तिर्नु पर्ने कर, दस्तुर र राजश्व बुझाएको,

(ङ) स्थानीयस्तरमा भएका स्रोत साधनको प्रयोग गरी स्वरोजगार वा स्थानीय जनशक्तिलाई रोजगारी दिएको,

६. <u>पुरस्कार प्रदान गर्ने प्रक्रियाः</u> पुरस्कारका लागि महिला उद्यमी/महिला लघु उद्यमी छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी छनौट गर्नको लागि राष्ट्रियस्तरको दैनिक पत्रिका मार्फत सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा निवेदन पेश गर्न १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी त्यस्तो सूचना मन्त्रालयको वेबपेजमा समेत राख्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको सूचना प्रकाशित भएपछि पुरस्कारको लागि सम्बन्धित उद्यमीले सूचनाको म्याद भित्र आफूले सञ्चालन गरेको उद्योग दर्ता रहेको जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(ग) सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयले खण्ड (क) बमोजिमको सूचनाको म्याद भित्र प्राप्त भएका



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

निवेदन सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको प्रमुखको संयोजकत्वमा देहाय वमोजिमको सदस्यहरु रहने समिति समक्ष पेश गर्नु पर्नेछ ।

अ) प्रमुख घरेलु तथा साना उद्योग कार्यालय - संयोजक

आ) प्रतिनिधि कोष तथा लेखा नियन्त्रक/प्रदेश लेखा ईकाइ -सदस्य

इ) प्रतिनिधि नेपाल घरेलु तथा साना उद्योग महासंघ -सदस्य

(घ) सम्बन्धित जिल्ला स्थित समितिले पेश भएका निवेदनहरुको अनुसूची-२ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी उच्चतम अङ्क ल्याउने दुई जना उद्यमीलाई उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कारको लागि नाम तथा प्राप्त गरेको अङ्क सहित उद्यमीले पेश गरेको अनुसूची-१ बमोजिमको निवेदन र निवेदन साथ पेश गरेको सम्पूर्ण कागजात मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम सम्बन्धित जिल्लाबाट मन्त्रालयमा प्राप्त भएको महिला उद्यमी/महिला लघु उद्यमीको निवेदन यस कार्यविधिको दफा ७ बमोजिमको समिति समक्ष पेश हुनेछ।

(च) समितिले सम्बन्धित जिल्लाको समितिबाट प्राप्त भएको जम्मा अङ्क र समितिबाट सम्बन्धित उद्यमको स्थलगत अनुगमन गरी प्राप्त भएको जम्मा अङ्क जोडी प्रत्येक जिल्लाबाट उच्चतम अङ्क ल्याउने एक एक जना गरी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

जम्मा चौध जना महिला उद्यमी/महिला लघु उद्यमीलाई पुरस्कार प्रदान गर्नको लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(छ) खण्ड (च) बमोजिम सिफारिस भएका उत्कृष्ट चौध जना महिला उद्यमी/लघु उद्यमीलाई मन्त्रालयले प्रत्येक वर्ष उद्योग दिवसको अवसर पारेर नगद पुरस्कार सहित सम्मान गर्नु पर्नेछ।

तर आर्थिक वर्ष (२०८०/०८१) को पुरस्कार प्रदान गर्ने हकमा यस खण्डमा उल्लेख गरेको व्यवस्थाले वाधा पर्ने छैन

७. <u>छनौट तथा सिफारिस समितिः</u> (१) सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको समितिले पेश गरेको निवेदन उपर मूल्याङ्कन गरी उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) शाखा प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ, कोशी प्रदेश - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) शाखा प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने शाखा, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य सचिवले बोलाउनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधिको दफा ८ को खण्ड (ङ) बमोजिम जिल्लाबाट प्राप्त भएका महिला उद्यमी/महिला लघु उद्यमीको निवेदन तथा उद्यमको स्थलगत मूल्याङ्कन गरी मन्त्रालयमा पुरस्कार प्रदान गर्नको लागि सिफारिस गर्ने।

(ख) मूल्याङ्कन समितिले आँफैले वा मन्त्रालयमा कार्यरत कर्मचारी मार्फत सम्बन्धित महिला उद्यमी/महिला लघु उद्यमीले सञ्चालन गरेको उद्यमको स्थलगत अनुगमन गरी अनुसूची-३ बमोजिमको अङ्क प्रदान गर्नु पर्नेछ।

(ग) समितिले सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको समितिबाट प्राप्त भएको जम्मा अङ्क र छनौट तथा सिफारिस समिति वा कर्मचारीबाट भएको स्थलगत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुगमनबाट प्राप्त भएको जम्मा अङ्क जोडी प्रत्येक जिल्लाबाट उच्चतम अङ्क ल्याउने एक एक जना महिला उद्यमी/महिला लघु उद्यमीलाई पुरस्कार प्रदान गर्नको लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

८. पुरस्कार संख्याः (१) प्रदेश भित्रका प्रत्येक जिल्लाबाट एक एक जना गरी कुल चौध जना उत्कृष्ट महिला उद्यमी/ महिला लघु उद्यमीलाई पुरस्कृत गरिनेछ।

(२) उत्कृष्ट महिला उद्यमी/महिला लघु उद्यमी छनौट गर्दा प्रत्येक जिल्लाबाट उच्चतम अङ्क प्राप्त गर्ने उद्यमीलाई छनौट गरिनेछ।

९. पुरस्कारको राशिः (१) महिला उद्यमी/महिला लघु उद्यमी पुरस्कारका लागि अन्तिम छनौटमा परेका प्रत्येक जिल्लाबाट एक एक जनालाई सम्मानपत्र सहित प्रति व्यक्ति रु. पचास हजारको (५०,०००/-) दरले पुरस्कार प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम महिला उद्यमी/महिला लघु उद्यमीको नाममा रहेको बैंक खातामा प्रचलित कानून बमोजिमको कर कट्टा गरी पठाईनेछ।

११. सहयोग गर्नु पर्नेः यस कार्यविधि बमोजिम गरिने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१
(दफा ३ र दफा ६ को खण्ड (घ) सँग सम्बन्धित)

निवेदनको ढाँचा

१. उद्यमीको नामः उद्यमीको ठेगानाः
उद्यमीको सम्पर्क नं.

२. उद्यमीले सञ्चालन गरेको उद्योगको नामः उद्योग दर्ता रहको निकायः
उद्योगको ठेगानाः उद्योगको दर्ता नं. र दर्ता मिति
उद्योगको सम्पर्क नम्बरः
उद्योगको उद्देश्यः

३. रोजगार गरिरहेका कामदारको जम्मा संख्याः
(क) महिलाः (ख) पुरुषः (ग) अन्यः

(श्रमिकको हाजिरी, नियुक्ति पत्र, वा अन्य कुनै निस्सा भए पेश गर्ने)

४. उद्यमले महिला सशक्तीरणको क्षेत्रमा दिएको योगदानः

५. अन्य महिलालाई उद्यमी बनाउन पहल गरेको भए संख्या र कस्तो पहल गरेको छ सो उल्लेख गर्नेः

(उद्यमी बनाउनको लागि दिएको तालिमको संख्या र सो तालिममा सहभागी महिलाको संख्या तथा सो कुरालाई पुष्टि गर्ने सहभागी उपस्थिति विवरण, माइन्यूट, फोटो र कुनै संस्थासँगको सहकार्यमा गरेको भए सो समेत खुल्ने विवरण पेश गर्ने)

६. उत्पादित सामानको प्रकार र नामः

(आफूले उत्पादन गरेका सामग्रीको फोटो तथा विवरण पेश गर्ने)

७. उत्पादित वस्तु तथा सामग्रीको व्यवस्थापन र प्याकेजिङ्गको अवस्था कस्तो रहेको छ, उल्लेख गर्नेः
(क)

आन्तरिक मामिला ... प्रदेश

(ख)

(ग)

(सरकारी निकायबाट लिएको प्रमाणपत्र तथा सरकारी निकायबाट अनुगमन गरेको भए अनुगमन प्रतिवेदन लगायतका विवरण तथा कागजात समावेश गर्ने)

८. उत्पादित सामानको बजारीकरणको अवस्थाः

(आफुले उत्पादन गरेको सामान कुन कुन स्थानमा विक्री वितरण हुने गरेको छ, सो कुरा उल्लेख गर्ने र पुष्टि हुने विल भरपाईको प्रतिलिपि पेश गर्ने)

९. वातावरणमैत्री रहे नरहेको तथा वातावरण व्यवस्थापन सम्बन्धि विवरणः (खुला स्थान, बगैचा, बोटविरुवा, विश्रामस्थल र सरसफाई) को अवस्था कस्तो छ उल्लेख गर्नेः

(क)

(ख)

(ग)

(वातावरण व्यवस्थापनमा उद्योगले गरेको कार्यहरु उल्लेख गर्ने)

१०. हिसाब चुस्त दुरुस्त व्यवस्थापन गरी लेखा राखे, नराखेको के कस्तो अवस्था छ उल्लेख गर्नेः

(दैनिक हिसाब किताब के कसरी राख्ने गरिएको छ सो उल्लेख गर्ने र सो कुरा पुष्टि हुने नमानाको रुपमा केही कागजातको प्रतिलिपि)

११. प्रचलित कानून बमोजिम लेखापरीक्षण गरे/नगरेको: (पछिल्लो आर्थिक वर्षको अवस्था उल्लेख गर्ने)

१२. नियमित कर तिरे नतिरेको उल्लेख गर्नेः

१३. कानून परिपालनाको अवस्थाः

(क) बाल श्रमिक भए/नभएकोः

(ख) न्यूनतम पारिश्रमिक दिए/नदिएकोः (दिएको भएमा पारिश्रमिक वुझाएको भरपाई वा बैंक स्टेटमेन्ट)

प्रदेश
आन्तरिक मा

(ग) श्रमिकको काम गर्ने समय तोकिए/नतोकिएको: (तोकिएको भएमा सो कुरा पुष्टि हुने कागजात)

(घ) विदाको सुविधा दिए/नदिएको:

(ङ) सामूहिक दुर्घटना वीमा गरे/नगरेको: (गरेको भए वीमालेखको प्रतिलिपि)

(च) औद्योगिक सामान उत्पादनमा सुरक्षा मापदण्ड पालना गरे/नगरेको: (गरेको भए सो कुरा पुष्टि हुने फोटो पेश गर्ने)

(छ) अन्य कानूनी व्यवस्थाको परिपालना के कस्तो रहेको उल्लेख गर्ने:

संलग्न कागजातहरु:

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) PAN / VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नियमानुसार लेखापरीक्षण गर्नु पर्ने उद्योगको हकमा मात्र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

यसमा उल्लेख भए बमोजिमका र संलग्न गरिएका कागजात तथा सामग्री सबै साँचो हुन र यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस गर्न नमिल्ने कुनै पनि अवस्था नभएको तथा कुनै किसिमको कालो सूचीमा नपरेको वेहोरा घोषणा गर्दछु र मलाई पुरस्कारको लागि सिफारिस गरिदिनु हुन अनुरोध गर्दछु।

..........................

निवेदक उद्यमीको नाम र दस्तखत

सम्बन्धित उद्योगको छाप

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

# अनुसूची-२

(दफा ४ र दफा ६ को खण्ड (ख), (घ) सँग सम्बन्धित)

उत्कृष्ट महिला उद्यमी/ महिला लघु उद्यमी छनौटका आधार ( कुल ५० अङ्क)
(घरेलु तथा साना उद्योग कार्यालयले गर्ने मूल्याङ्कन)
<u>(महिला उद्यमीको हकमा)</u>

उद्यमीको नामः उद्यमीको ठेगानाः
उद्यमीको सम्पर्क नं.
उद्यमीले सञ्चालन गरेको उद्योगको नामः उद्योग दर्ता रहेको निकायः
उद्योगको ठेगानाः
उद्योगको दर्ता नं. र दर्ता मितिः

| क्र.सं. | मूल्याङ्कनका आधार | प्रदान गरिने अङ्क | प्राप्त भएको अङ्क |
|---|---|---|---|
| १ | **रोजगारीको अवस्था र महिला सशक्तीकरणमा सहयोगी भएमाः** | १० | |
| | ५ जना वा ५ जना भन्दा बढी महिलालाई रोजगार दिएको भएमा (न्यूनतम ५ र प्रत्येक थप १ जनाको लागि १ अङ्क प्रदान गर्ने अधिकतम १० अङ्क सम्म) | ५-१० | |
| | २ वा २ जना भन्दा बढी ४ जना सम्म महिलालाई रोजगार दिएको भएमा | ४ | |
| | २ जना भन्दा कम महिलालाई रोजगार दिएको भएमा वा एकाघर परिवारले नै सञ्चालन गरेकोमा | २ | |
| २ | **उद्यमी बनाउन गरेको पहलः** (लेबलिङ, प्याकेजिङ, बजारीकरण, सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी कुनै तालिम सञ्चालन गरेको प्रमाणित हुने कागजात पेश गर्ने) | १० | |
| | ५ जना वा सो भन्दा बढी व्यक्तिलाई उद्यमी वनाउन सफल भएको भएमाः (न्यूनतम ५ अङ्क र प्रत्येक थप १ | ५-१० | |

| | | | |
|---|---|---|---|
| | जनाको लागि १ अङ्क प्रदान गर्ने अधिकतम १० अङ्क सम्म) | | |
| | २ जना वा २ जना भन्दा बढी ४ जनासम्म | ४ | |
| | अन्य | २ | |
| ३ | **उत्पादनको अवस्थाः** | ५ | |
| | ५ वा ५ भन्दा बढी प्रकारको सामग्री उत्पादन | ५ | |
| | २ देखी ४ प्रकारको सामग्री उत्पादन | ४ | |
| | अन्य | २ | |
| ४ | **उत्पादित वस्तु, सेवा तथा सामग्रीको व्यवस्थापन एवं प्याकेजिङः** | ५ | |
| | नियामक निकायबाट लेबलिङ एवं प्याकेजिङ र ट्रेडमार्क दर्ता गरी आफ्नो सामानको उत्पादन गरेकोमा | ५ | |
| | नियामक निकायबाट लेबलिङ एवं प्याकेजिङको लागि प्रमाणपत्र लिएको | ३ | |
| | उत्पादित बस्तु प्याकेजिङ गरी विक्री वितरण गरेको | २ | |
| ५ | **उद्योग सञ्चालन अवधिः** | ५ | |
| | ३ वर्ष पूरा भएमा न्यूनतम ३ अङ्क र प्रत्येक वर्षका लागि १ अङ्क कायम गरी दामासाहीले थप गरी अधिकतम ५ अङ्कसम्म | ३-५ | |
| | अन्य | २ | |
| ६ | **दैनिक हिसाब किताबको अवस्थाः** | २ | |
| | दैनिक कारोबारको चुस्त दुरुस्त हिसाब किताव राखेको (सो कुराको पुष्टि गर्ने कागजातहरु पेश गर्ने) | २ | |
| | अन्य | १ | |
| ७ | **उत्पादित सामानको बजारीकरणको अवस्थाः** | ५ | |
| | उद्योगबाट उत्पादन भएका समाग्रीहरु कम्तीमा २ वटा जिल्लामा विक्री वितरण भएकोमा ३ अङ्क र प्रत्येक थप जिल्लाको लागि १ अङ्क सहित वढीमा ५ अङ्क | ३-५ | |
| | अन्य | २ | |
| ८ | **कानूनको परिपलना तथा अन्य** | ८ | |

| | | | |
|---|---|---|---|
| | (क) बाल श्रमिक प्रयोग नगरेकोमा १ अङ्क<br>(ख) न्यूनतम पारिश्रमिक दिएकोमा २ अङ्क<br>(ग) श्रमिकको काम गर्ने समय तोकिएकोमा १ अङ्क<br>(घ) श्रमिकलाई विदाको सुविधा दिएकोमा १ अङ्क<br>(ङ) श्रमिकको सामूहिक दुर्घटना वीमा गरी दिएकोमा १ अङ्क<br>(च) सरकारलाई वुझाउने कर नियमित बुझाएकोमा १ अङ्क<br>(छ) औद्योगिक सामान उत्पादनमा सुरक्षाका मापदण्ड पालना गरेकोमा १ अङ्क<br>(सो कुरालाई पुष्टि गर्ने कागजातको प्रतिलिपि तथा फोटो भए पेश गर्ने) | १-८ | |
| **जम्मा अङ्क** | | **५०** | |

नोटः माथि उल्लेख भएको मूल्याङ्कनका आधारबाट कुनै उद्यमीको जम्मा अङ्क बराबर भएमा उद्योग दर्ता नम्बर र दर्ता मिति जुन उद्योगको पहिलो छ सोही उद्योगको उद्यमीलाई छनौट गरी पठाउनु पर्नेछ।

(संयोजक) (सदस्य) (सदस्य)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(महिला लघु उद्यमीको हकमा)

उद्यमीको नामः उद्यमीको ठेगानाः

उद्यमीको सम्पर्क नं.

उद्यमीले सञ्चालन गरेको उद्योगको नामः उद्योग दर्ता रहको निकायः

उद्योगको ठेगानाः

उद्योगको दर्ता नं. र दर्ता मितिः

| क्र.सं. | मूल्याङ्कनका आधार | प्रदान गरिने अङ्क | प्राप्त भएको अङ्क |
|---|---|---|---|
| १ | **रोजगारीको अवस्था र महिला सशक्तीकरणमा सहयोगी भएमाः** | १० | |
| | १ जना वा १ जना भन्दा बढी महिलालाई रोजगार दिएको भएमाः (न्यूनतम ५ र प्रत्येक १ जनाको लागि २ अङ्क प्रदान गर्ने अधिकतम १० अङ्कसम्म) | ५-१० | |
| | एकाघर परिवार मात्र भई सञ्चालन गरेको भएमाः | ४ | |
| २ | **उद्यमी बनाउन गरेको पहलः** (लेबलिङ, प्याकेजिङ, बजारीकरण, सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने कागजात पेश गर्ने) | १० | |
| | १ जना वा सो भन्दा बढी व्यक्तीलाई उद्यमी बनाउन सफल भएको भएमाः (न्यूनतम ५ अङ्क र प्रत्येक १ जनाको लागि २ अङ्क प्रदान गर्ने अधिकतम १० अङ्कसम्म) | ५-१० | |
| | अन्य | ४ | |
| ३ | **उत्पादनको अवस्थाः** | ५ | |
| | २ वा २ भन्दा बढी प्रकारको सामग्री उत्पादन | ५ | |
| | अन्य | ३ | |
| ४ | **उत्पादित वस्तु, सेवा तथा सामग्रीको व्यवस्थापन एवं प्याकेजिङः** | ५ | |

| | | | |
|---|---|---|---|
| | नियामक निकायबाट लेबलिङ एवं प्याकेजिङ वा ट्रेडमार्क दर्ता गरी आफ्नो सामानको उत्पादन गरेकोमा (लेबलिङ तथा प्याकेजिङ सम्बन्धी अनुमति लिनु नपर्ने उद्योगको हकमा पूरा अङ्क प्रदान गर्ने) | ५ | |
| | उत्पादित वस्तु सेवा तथा सामग्रीको लेबलिङ तथा प्याकेजिङ गरेको तर नियामक निकायबाट अनुमति नलिएको हकमा | ३ | |
| | अन्य | २ | |
| ५ | **उद्योग सञ्चालन अवधिः** | ५ | |
| | ३ वर्ष भन्दा बढी भएमा न्यूनतम ४ अङ्क र प्रत्येक वर्षका लागि १ अङ्क थप गरी अधिकतम ५ अङ्क सम्म | ४-५ | |
| ६ | **दैनिक हिसाब किताबको अवस्थाः** | २ | |
| | दैनिक कारोबारको हिसाब किताब राखेकोः (सो कुराको पुष्टि गर्ने कागजातहरु पेश गर्ने) | २ | |
| | अन्य | १ | |
| ७ | **उत्पादित सामानको बजारीकरणको अवस्थाः** | ५ | |
| | उद्योगबाट उत्पादन भएका सामग्री कम्तीमा २ वटा स्थानीय तहमा विक्री वितरण गरेकोमा ३ अङ्क र प्रत्येक थप स्थानीय तहको लागि १ अङ्क सहित वढीमा ५ अङ्क | ३-५ | |
| | अन्य | २ | |
| ८ | **कानूनको परिपलाना तथा अन्यः** | ८ | |
| | (क) बाल श्रमिक प्रयोग नगरेकोमा १ अङ्क<br>(ख) न्यूनतम पारिश्रमिक दिएकोमा २ अङ्क<br>(ग) श्रमिकको काम गर्ने समय तोकिएमा १ अङ्क<br>(घ) श्रमिकलाई विदाको सुविधा दिएकोमा २ अङ्क<br>(ङ) औद्योगिक सामान उत्पादनमा सुरक्षाका मापदण्ड पालना गरेकोमा २ अङ्क<br>(एकाघर परिवारको सदस्यबाट मात्र उद्योग सञ्चालन गरेको भए खण्ड (ङ) बाहेकको हकमा पूरा अङ्क प्रदान गर्ने) | १-८ | |



आन्तरिक ... गण्डकी प्रदेश

| | | | |
|---|---|---|---|
| | (सो कुरालाई पुष्टि गर्ने कागजातको प्रतिलिपि तथा फोटो भए पेश गर्ने) | | |
| | **जम्मा अङ्क** | ५० | |

नोटः माथि उल्लेख भएको मूल्याङ्कनका आधारबाट कुनै उद्यमीको जम्मा अङ्क बराबर भएमा उद्योग दर्ता नम्बर र मिति जुन उद्योगको पहिले छ सोही उद्योगको उद्यमीलाई छनौट गरी पठाउनु पर्नेछ।

(संयोजक) (सदस्य) (सदस्य)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

(दफा ४ र दफा ७ को उपदफा ३ को खण्ड (ख) सँग सम्बन्धित)

उत्कृष्ट महिला उद्यमी/ महिला लघु उद्यमी छनौटका आधार ( कुल १० अङ्क)

(मन्त्रालयको समितिले गर्ने मूल्याङ्कन)

जिल्लाः

उद्यमीको नामः

उद्यमीको ठेगानाः

उद्यमीको सम्पर्क नं.

उद्यमीले सञ्चालन गरेको उद्योगको नामः

उद्योग दर्ता रहको निकायः

उद्योगको ठेगानाः

उद्योगको दर्ता नं. र दर्ता मितिः

उद्योगको सम्पर्क नम्बरः

उद्योगको उद्देश्यः

उद्योग अनुगमनकर्ताको नाम, पद तथा मितिः

| सि.नं. | अनुगमनको क्रममा देखिएको भौतिक अवस्था, सरसफाई, औद्योगिक वातावरण व्यवस्थापन, कानूनी परिपालना लगायतको विषयमा मूल्याङ्कन गरी ठहराएको अवस्था (अति उत्तम, उत्तम वा साधारण कुन हो सोही महलमा अङ्क प्रदान गर्ने र सो कुरा पुष्टि हुने कुराहरु लेख्ने) | प्राप्त अङ्क |
|---|---|---|
| १. | अति उत्तम ( ८ देखी १० सम्म अङ्क भएमा)<br>कारण खुलाउने<br>(क)<br>(ख)<br>(ग) | |
| २. | उत्तम (४ भन्दा वढी ८ भन्दा कम अङ्क भएमा)<br>कारण खुलाउने<br>(क)<br>(ख)<br>(ग) | |
| ३. | साधारण (४ भन्दा कम अङ्क भएमा)<br>कारण खुलाउने | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | (क)<br>(ख)<br>(ग) | |

अनुगमनकर्ताको नाम, थर, पद तथा दस्तखतः

(क)

(ख)

कुल प्राप्ताङ्कः (दफा ७ बमोजिमको समितिले तयार गर्ने )

| अनुसूची-२ अनुसार जिल्लाबाट प्राप्त भएको जम्मा अङ्क | अनुसूची-३ अनुसार समितिबाट प्राप्त भएको जम्मा अङ्क | कुल अङ्क (अनुसूची-२ को जम्मा अङ्क+ अनुसूची-३ को जम्मा अङ्क) |
|---|---|---|
| .................... | .......................... | ..................... |

(संयोजक) (सदस्य) (सदस्य) (सदस्य) (सदस्य सचिव)

**स्वीकृत मितिः- २०८०/१२/०९**

**आज्ञाले,**
**डा. लेखराज दाहाल**
**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश